**सरकारी सम्पति तथा जिन्सी मालसामान लिलाम विक्री सम्बन्धी कार्यविधि, २०७९**

**अनुसूची -१०**

**(दफा ९ को उपदफा (२) संग सम्बन्धित)**

**नेपाल सरकार**

**गृह मन्त्रालय**

**सशस्त्र प्रहरी बल, नेपाल नं. २२ गण हे.क्वा. गुहेश्वरी, भक्तपुर**

**पुराना जिन्सी सामानहरुको लिलाम बिक्री सम्बन्धी शिलबन्दी बोलपत्र आह्वानको सूचना**

**सूचना नं.-१**

**(प्रथम पटक प्रकाशित मिति २०८१/०५/११ गते)**

सशस्त्र प्रहरी बल, नेपाल नं. २२ गण हे.क्वा. गुहेश्वरी, भक्तपुरमा रहेका प्रयोगमा नआउने भई लिलाम विक्री गर्न निर्णय भएका पुराना जिन्सी मालसामानहरु जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले लिलाम सकार गर्न ईच्छुक ब्यक्ति, संस्था वा कम्पनीलाई निम्न लिखिंत सर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | पुराना जिन्सी सामनहरुको विवरण | न्यूनतम जम्मा मूल्य रु. (मु.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|
| १. | सिल्बर, प्लास्टिक (कडा/नरम),प्लास्टिक (कडा/नरम), स्टिल र व्याट्री | रु.३०,८४६/- | रु.१,०००/- | |
| जम्मा | | रु.३०,८४६/- (तिस हजार आठ सय छयालिस रुपैया मात्र) | | |

बोलपत्र फाराम सशस्त्र प्रहरी बल, नेपाल नं. २२ गण हे.क्वा. गुहेश्वरी, भक्तपुरमा प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ औं दिन (मिति २०८१/०५/१६ गते कार्यालय समय भित्र बोलपत्र फाराममा तोकिएको दस्तुर फिर्ता नहुने गरी) नगदै बुझाई प्राप्त गर्न सकिने छ ।बोलपत्र फाराम मिति २०८१/०५/१७ गतेको १२:०० बजे भित्र सशस्त्र प्रहरी बल, नेपाल नं.२२ गण हे.क्वा. गुहेश्वरी, भक्तपुरमा दर्ता गराई सक्नु पर्नेछ, दाखिला भएका बोलपत्र फारामहरु सोही दिनको १४:०० बजे जिल्ला प्रशासन कार्यालय, भक्तपुर, कोष तथा लेखा नियन्त्रण कार्यालय, भक्तपुरबाट तोकिएका प्रतिनिधिहरुको रोहबरमा सशस्त्र प्रहरी बल, नेपाल नं.२२ गण हे.क्वा. गुहेश्वरी भक्तपुरमा खोलिनेछ । बोलपत्र फाराम बिक्री, दाखिला र खोलिने दिन कारण बस सार्वजनिक विदा पर्न गएमा बिदा पछाडीको पहिलो कार्यालय खुलेको दिन सोही समयमा गरिने छ । बोलपत्रदाताले बोलपत्रमा कबोल गरेको कुल रकमको १०% (दश) प्रतिशतले हुने रकममा नघटाई सशस्त्र प्रहरी बल, नेपाल नं. २२ गण हे.क्वा. गुहेश्वरी, भक्तपुरको कार्यालय कोड नं.३१४०५३३०१ को कोष तथा लेखा नियन्त्रक कार्यालय, भक्तपुरको नेपाल बैंक शाखा कार्यालय, भक्तपुरको धरौटी खाता नं.०१९०१००००२००३००००१ मा नगदै दाखिला गरी सो को सक्कलै भौचर वा कम्तिमा ९० (नब्बे) दिन मान्य अवधिको कुनै बाणिज्य बैंक वा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) बोलपत्र साथ पेश गर्नु पर्नेछ । स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृतीको जानकारी पाएको ७ (सात) दिनभित्र आफुले कबोल गरेको रकममा नियमानुसार लाग्ने मु.अ.कर १३% (तेह प्रतिशत) समेत थप गरी जम्मा हुन आउने रकम दाखिला गरी पुराना जिन्सी सामानहरु उठाई लैजानु पर्नेछ। बोलपत्रदाताले नियमानुसार उठाई नलगेमा बोलपत्र कागजात साथ पेश गरेको बोलपत्र जमानत बापतको रकम सशस्त्र प्रहरी बल, नेपाल नं.२२ गण हे.क्वा. गुहेश्वरी भक्तपुरले नियमानुसार जफत गरी प्रचलित कानून बमोजिम राजश्व दाखिला गरिने छ । लिलाम बिक्रीमा भाग लिन चाहने व्यक्तिले नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि, ईच्छुक फर्म, संस्था वा कम्पनिहरुको ईजाजत प्रमाण-पत्रको प्रतिलिपि र कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्ने छ। उल्लेखित जिन्सी सामानहरु हेर्न वा थप कुराहरु बुझ्न परेमा कार्यालय समय भित्र सशस्त्र प्रहरी बल, नेपाल नं. २२ गण हे.क्वा. गुहेश्वरी, भक्तपुरमा आएर हेर्न र बुझ्न सकिनेछ वा यस कार्यालयको फोन नं ०१-५१४४५१०, ९८५१२७२०६७ मा सम्पर्क राखी आवश्यक जानकारी लिन सकिनेछ।यस सम्बन्धी सूचना सशस्त्र प्रहरी बल, नेपालको **Web Site:- www.apf.gov.np** मा समेत राखिएको छ ।

फाराम नं.......

फाराम दस्तुर रु. १,०००/-

अनुसूची -११

(दफा ९ को उपदफा (३) सँग सम्बन्धित)

नेपाल सरकार

गृह मन्त्रालय

# सशस्त्र प्रहरी बल, नेपाल नं. २२ गण हे.क्वा. गुहेश्वरी, भक्तपुर

## लिलाम बिक्री सम्बन्धी बोलपत्र फारम

## आर्थिक बर्ष २०८१/०८२

| क्र.स. | सामानको विवरण | परिमाण (गोटा/के.जि.मा) | दर | न्युनतम मुल्य रु. मु.अ. कर बाहेक | नियमानुसार लाग्ने कर बाहेक कबोल रकम | जम्मा रकम |
|---|---|---|---|---|---|---|
| १. | फलामसँग सम्बन्धित (कडा) | ८५.२५ के.जि. | रु.४८/- | रु.४,०९२/- | | |
| २. | फलामसँग सम्बन्धित (नरम) | ७२० के.जि. | रु.३०/- | रु.२१,६००/- | | |
| ३. | प्लास्टिकसँग सम्बन्धित (कडा) | ६४१.५० के.जि. | रु.२/- | रु.१,२८३/- | | |
| ४. | प्लास्टिकसँग सम्बन्धित (नरम) | ४.१० के.जि. | रु.३०/- | रु.१२३/- | | |
| ५. | काठ | ४ के.जि. | रु.३०/- | रु.१२०/- | | |
| ६. | सिल्बरसँग सम्बन्धित | १.४० के.जि. | रु.२२०/- | रु.३०८/- | | |
| ७. | स्टिलसँग सम्बन्धित | ८.४० के.जि. | रु.५०/- | रु.४२०/- | | |
| ८. | ब्याट्री | २९ के.जि. | रु.१००/- | रु.२,९००/- | | |
| | | | जम्मा | रु.३०,८४६/- | | |

कबोल रकम रु. अक्षरमा:-

बोलपत्र पेश गर्नेको नाम:-

दस्तखत:-

ठेगाना:-

सम्पर्क नं.

छाप:-

बोलपत्रका शर्तहरु :-

१. बोलपत्र फारम खरिद गर्न ईच्छुक बोलपत्रदाताले प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ औं दिन विदाको दिन बाहेक (मिति २०८१।०५।१६ गतेको कार्यालय समय भित्र बोलपत्र फारम दस्तुर रु.१०००/- (हजार मात्र) फिर्ता नहुने गरी नगदै तिरी सशस्त्र प्रहरी बल, नेपाल नं.२२ गण हे.क्वा. गुहेश्वरी भक्तपुरबाट बोलपत्र फाराम खरिद गर्न सकिने छ ।

२. सिलबन्दी बोलपत्र दाखिला गर्न ईच्छुक बोलपत्रदाताले प्रथम पटक सूचना प्रकाशित भएको ७ औं दिन मिति २०८१।०५।१७ गतेको १२:०० बजे भित्र सशस्त्र प्रहरी बल, नेपाल नं.२२ गण हे.क्वा. गुहेश्वरी भक्तपुरमा बोलपत्र फारम दाखिला गर्नुपर्ने छ।

३. श्री जिल्ला प्रशासन कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालय भक्तपुरले तोकेको प्रतिनिधि, ईच्छुक बोलपत्र दाता तथा निजका प्रतिनिधिहरुको रोहबरमा नियमानुसार दर्ता भएका सिलबन्दी बोलपत्र फारामहरु मूल्याङ्कन समिति समक्ष प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ औं दिन मिति २०८१।०५।१७ गतेको १४:०० बजे सशस्त्र प्रहरी बल, नेपाल नं.२२ गण हे.क्वा. गुहेश्वरी भक्तपुरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन । बोलपत्र फारम बिक्री, दाखिला र खोलिने दिन कारणवस सार्वजनिक बिदा पर्न गएमा बिदाको लगतै पछिको कार्यालय खुलेको पहिलो दिन सोही समयमा गरिने छ ।

४. तोकिएको मिति र समय भन्दा पछि प्राप्त हुन आउने बोलपत्र फारमलाई अस्वीकार गरिनेछ र सो बोलपत्र फारम उपर कुनै कारबाही गरिने छैन।

५. बोलपत्र संशोधन र फिर्ता:-

क) बोलपत्र दाखिला गर्न तोकिएको अन्तिम मिति र समय भन्दा अगावै नियमानुसार संशोधन गर्न वा फिर्ता लिन सक्नेछन्।

ख) बोलपत्रदाताको संशोधन वा फिर्ताको सूचना तयार पारी संकेत गरी चलानी गरिएको हुनु पर्दछ र खामको बाहिरी रीतपूर्वक "फिर्ता" वा "संशोधन" भनि उल्लेख गर्नुपर्नेछ।

ग) बोलपत्र दाखिला गर्ने म्याद समाप्त भए पश्चात् संशोधन वा फिर्ता लिन पाईने छैन। समय समाप्त भएपछि बोलपत्रदाताले लिनको लागि अनुरोध गरेमा कानुन बमोजिम कारवाही गरिने छ ।

६. बोलपत्र जमानत:-

क) क) बोलपत्रदाताले बोलपत्रमा कबोल गरेको कुल रकमको १०% (दश) प्रतिशतले हुने रकममा नघटाई सशस्त्र प्रहरी बल, नेपाल नं. २२ गण हे.क्वा. गुहेश्वरी, भक्तपुरको कार्यालय कोड नं.३१४०५३३०१ को कोष तथा लेखा नियन्त्रक कार्यालय, भक्तपुरको नेपाल बैंक लिमिटेड शाखा कार्यालय, भक्तपुरको धरौटी खाता नं.०१९०१०००००२००३००००01 मा नगदै दाखिला गरी सो को सक्कशलै भौचर वा कम्तिमा ९० (नब्बे) दिन मान्य अवधिको कुनै बाणिज्य बैंक वा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) बोलपत्र साथ पेश गर्नु पर्नेछ।

ख) बोलपत्र जमानत पेश नगरेको बोलपत्रलाई अप्रभाँवग्राही भनी अस्वीकृत गरिने छ ।

ग) सफल बोलपत्रदाताले कुल बुझाउनु पर्ने रकम यस कार्यालयमा दाखिला गरे पश्चात् अन्य बोलपत्र दाताहरुको बोलपत्र जमानत फिर्ता गरिने छ।

७. लिलाम बिक्री गरिने पुराना जिन्सी मालसामानहरुको नियमानुसार लाग्ने मु.अ.कर बाहेक जम्मा न्युनतम मूल्य ३०,८४६/- (तिस हजार आठसय छयालिस रुपैया मात्र) कायम गरिएको छ।

८. लिलाम बिक्रीको लागि राखिएका पुराना जिन्सी सामानहरु हेर्न वा बुझ्न ईच्छुक बोलपत्र दाताले कार्यालय समय भित्र सशस्त्र प्रहरी बल, नेपाल नं. २२ गण हे.क्वा. गुहेश्वारी, भक्तपुरमा आएर हेर्न र बुझ्न सकिनेछ वा यस कार्यालयको फोन नं ०१-५१४४५१०, ९८५१२७२०६७ मा सम्पर्क राखी आवश्यक जानकारी लिन सकिनेछ।

९. बोलपत्र फाराममा कबोल अंक रकम (मु.अ.कर बाहेक) उल्लेख गर्दा अंक र अक्षरमा प्रष्ट रुपमा भर्नुपर्ने छ । उल्लेखित अंक र अक्षरमा फरक परेमा अक्षेरमा लेखिएकोलाई मान्यता दिईनेछ।

१०. बोलपत्र फाराममा मूल्य कबोल गर्दा न्यूनतम मूल्यमा नघटाई पेश गर्नुपर्ने छ र न्यूनतम मूल्य भन्दा माथि रीतपूर्वक दर्ता भएका बोलपत्र मध्ये सबै भन्दा बढी मूल्य कबोल गर्ने व्यक्ति, फर्म, संस्था वा कम्पनीको बोलपत्र स्वीकृत गरिने छ । स्वीकृत गरिएको जानकारी पत्र सम्बन्धित सकारकर्तालाई दिएको ७ (सात) दिन भित्र आफूले कबोल गरेको रकममा नियमानुसार लाग्ने मु.अ.कर १३% (तेह्र) प्रतिशत समेत थप गरी जम्मा हुन आउने रकम दाखिला गरी जिन्सी सामानहरु उठाई लैजानु पर्ने छ। अन्यथाः बोलपत्र रद्ध गरिबोलपत्र जमानत बापतको रकम जफत गरिने छ।

११. लिलाम सकारकर्ताले नियमानुसार राखेको बोलपत्र जमानत उक्त जिन्सी माल सामानहरु उठाई लगे पश्चात् मात्र फुकुवा गरिनेछ।

१२. लिलाममा भाग लिन चाहने व्यक्तिले नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि र ईच्छुक फर्म, संस्था वा कम्पनीहरुले ईजाजत प्रमाण पत्रको प्रमाणित प्रतिलिपि र कर चुक्ता पत्रको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

१३. लिलाम गरिने पुराना जिन्सी मालसामानहरु यस कार्यालयमा जे जस्तो अवस्थामा छन् सोही अवस्थामा नै साकार गर्नु पर्नेछ।

१४. बोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१५. बोलपत्र कागजातमा उल्लेख भए बाहेक अन्य कुराहरु प्रचलित ऐन नियमानुसार हुने छ ।